लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था सेवा कार्यालय
बर्तुङ, पाल्पा

प.स. ०८२/८३
च.नं.

## प्रयोगात्मक परीक्षा फिल्ड तथा सवारी साधन उपलब्ध गराउन प्रस्वाव आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/०१*

यस कार्यालयबाट संञ्चालन हुने बर्ग B,C,C1,E (कार, जिप, भ्यान, ई-रिक्सा, अटोरिक्सा, ट्रेक्टर) तर्फको सवारी साधनको सवारी चालक अनुमतीपत्रको प्रयोगात्मक परीक्षाका लागि आवश्यक पर्ने परीक्षा फिल्ड र सवारी साधन उपलब्ध गराए बापत परीक्षार्थीहरुसंग दस्तुर लिई सेवा प्रदान गर्ने शर्तमा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनका लागि ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्रति परीक्षार्थी अधिक्तम के कति दररेटमा सवारी साधन सहित प्रयोगात्मक परीक्षास्थल उपलब्ध गराउन सकिने हो सो कुरा खुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको छ ।

शर्तहरुः

१. प्रयोगात्मक परीक्षा फिल्डको मापदण्ड, विस्तृत विवरण तथा अन्य शर्तहरु कार्यालयले तयार गरेको कार्यक्षेत्र शर्त बमोजिम हुनेछ।
२. प्रयोगात्मक परीक्षा फिल्ड तानसेन नगरपालिका क्षेत्र भित्र हुनुपर्नेछ साथै प्रयोगात्मक परीक्षा फिल्डमा सि.सि.टि.भी क्यामेरा, ट्राफिक लाईट जडान कार्यको लागि आवश्यक पूर्वाधार रहेको हुनु पर्नेछ।
३. प्रयोगात्मक परीक्षा फिल्डको मापदण्ड "सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७" मा उल्लेख भए बमोजिमको हुनुपर्नेछ।
४. प्रयोगात्मक फिल्डमा प्रयोग हुने सवारी साधनहरुको अद्यावधिक रहेको कागजात (बिलबुक, तेस्रो पक्ष बिमा) को प्रतिलिपी पेश गर्नुपर्नेछ ।
५. सूचना बमोजिमको प्रस्ताव अनुसार उपलब्ध हुने सवारी साधनहरु सन २०१८ वा सो भन्दा पछाडी बनेको हुनुपर्नेछ।
६. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी दुवै प्रस्तावहरु पुनः एउटै मुल खाममा शिलबन्दी गरी पेश गर्नुपर्नेछ।
७. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्ने र १६औं दिनको १:०० बजे प्राविधिक प्रस्ताव खोलिनेछ।
८. प्राविधिक प्रस्तावको मुल्याङ्कन गरी प्राविधिक प्रस्तावमा पास भएका प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।
९. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट अन्तिम दिन कायम हुनेछ।
१०. पेश हुन आएका प्राविधिक तथा आर्थिक प्रस्ताव निर्धारित समयमा कार्यालयका प्रतिनिधि र प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। साथै प्रस्ताव खोलिने दिन प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव खोल्न वाधा पर्नेछैन।
११. प्रस्तावदाताले यस प्रस्तावमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा उपलब्ध गराउनु पर्नेछ।
१२. सवारी साधन, प्रयोगात्मक फिल्ड आफ्नो स्वामित्वको हुनुपर्ने वा सञ्चालन गर्न भाडामा लिएको भए प्रचलित कानून बमोजिमको सम्झौताको कागजात पेश गर्नुपर्नेछ।

लुम्बिनी प्रदेश सरकार उद्योग पर्यटन तथा यातायात मन्त्रालय यातायात व्यवस्था सेवा कार्यालय पाल्पा

टीकाराम न्यौपाने
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था सेवा कार्यालय
बर्तुङ, पाल्पा

प.स. ०८२/८३
च.नं.

१३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१४. यस सूचनामा उल्लेख नभएका अन्य शर्तहरु प्रचलित, ऐन, नियम, कार्यविधि तथा कानून बमोजिम हुनेछ।

१५. प्राविधिक तथा आर्थिक प्रस्तावको BOQ कार्यालयबाट लिनुपर्नेछ, सो बापत रु. एक हजार राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३०७०४५००१५ मा भुक्तानी गर्नुपर्नेछ।

१६. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले देहायबमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

| क.स | प्राविधिक प्रस्तावको साथमा सिलबन्दी गर्नुपर्ने कागजातहरु | आर्थिक प्रस्तावको साथमा सिलबन्दी गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १ | कार्यालयले तोकेको मापदण्ड पुरा भएको स्वघोषणा सहितको प्रस्तावको निवेदन | प्राविधिक तथा आर्थिक प्रस्तावको BOQ कार्यालयबाट खरिद गरेको राजश्वको प्रतिलिपी |
| २ | प्रयोगात्मक परीक्षास्थल र सवारीसाधनको कानूनी मापदण्ड पुरा भएको प्राविधिक प्रतिवेदन | प्रयोगात्मक परीक्षामा सहभागी हुने परीक्षार्थीबाट प्रतिव्यक्ति लिने सेवा शुल्क (कर बाहेक) अंक र अक्षरमा खुलेको विवरण |
| ३ | संस्थाको हकमा दर्ता प्रमाणपत्र, संस्था नविकरण भएको प्रमाणपत्र, Vat दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र | |
| ४ | परीक्षास्थल रहेको जग्गाको स्वामित्व आफ्नै नाममा भए सो को जग्गाधनी पूर्जा र भाडामा भए जग्गाधनी पूर्जा र कानून बमोजिम भएको सम्झौतापत्रको प्रतिलिपी | |
| ५ | प्रयोगात्मक परीक्षा स्थलको हकमा (सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ बमोजिम) नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपी | |

२०८२।११।०१

कार्यालय प्रमुख

टीकाराम न्यौपाने
कार्यालय प्रमुख